काव्य कृतिमा वर्णित जुन पात्र वा वस्तुका कारण सहृदयीको मनमा वासना वा संस्कारका रूपमा रहेको स्थायी भाव रसका रूपमा व्यक्त हुन्छ त्यसलाई आलम्बन विभाव भनिन्छ ।जसलाई लक्ष्य गरेर स्थायी भाव अङ्कुरित हुन्छ त्यसलाई विषयालम्बन भनिन्छ भने जुन व्यक्तिमा स्थायी भाव उत्पन्न हुन्छ त्यसलाई

आश्रयालम्बन भनिन्छ (उपाध्याय,२०६७,पृ.२९) । काव्यमा वर्णित नायक,नायिका वा पात्रहरू आलम्बन विभाव हुन् ।

२.१.२ उद्दीपन विभाव

काव्यकृतिमा वर्णित त्यस्ता व्यक्ति, वस्तु, दृश्य, परिवेश आदिलाई उद्दीपन विभाव भनिन्छ जसले सहृदयीका मनमा वासना वा संस्कारका रूपमा सुषुप्त अवस्थामा रहेका स्थायी भावलाई उद्दीप्त पार्ने काम गर्छ ।रसलाई आस्वादनीय रूपमा उकास्ने ,उत्प्रेरित गर्ने चेष्टा आदि पक्षहरू उद्दीपन विभावअन्तर्गत पर्दछन् (एटम,२०६१,पृ.५८)।

२.२ अनुभाव

आलम्बन र उद्दीपन विभावका माध्यमबाट मानवीय मनमा उत्पन्न हुने भावलाई शरीरका विभिन्न अङ्गवा चेष्टाका माध्यमबाट प्रस्तुत गर्ने भाव नै अनुभाव हो । विभाव पछि उत्पन्न हुने भाव विशेष हुनाले यसलाई अनुभाव भनिएको हो(थापा,२०७३,पृ.२१९) ।विभावद्वारा भावको अनुभूति भएपछि देखापर्ने चेष्टा वा कार्य अनुभाव हो ।स्थायी भाव उद्दीप्त भएपछि त्यसको आश्रयमा देखिएर स्थायी भावलाई बाहिर प्रकाश गर्ने व्यापारहरू अनुभाव कहलाउँछन् । (सिग्देल,२०५८,पृ.१४९) विभावरुपी कारणद्वारा हुने कार्यका रूपमा रहेको अनुभाव पनि कायिक,वाचिक,आहार्य र सात्विक गरी चार प्रकारका छन् ।विभावद्वारा भावको अनुभूति भएपछि पात्रमा देखापर्ने शारीरिक चेष्टा,कायिक,वार्तालाप आदि वाचिक, मनोभावानुकूल, अलङ्कार, भेषभूषा आदि आहार्य र भावलाई बाह्य रूपमा प्रकाशित गर्ने स्तम्भ, कम्प, अश्रु,रोमाञ्च आदिजस्ता मानसिक आवेग एवम् तद्जन्य स्वाभाविक अङ्गविकार सात्विक अनुभाव हुन् ।

२.३ व्यभिचारी भाव

सहृदयी पाठक,दर्शक,श्रोताका मनमा अन्तर्निहित हर्ष,ग्लानि,आवेगजस्ता क्षणमै देखिने र हराउने अस्थिर प्रवृतिका भाव व्याभिचारी भाव हुन् । यो भाव रसको सहकारी तत्त्व हो र यसले अभिनयको क्रममा उठेका निर्वेदादि भावलाई रस परिपोषकको तहमा पुऱ्याउने गर्दछ । लज्जा, औत्सुक्य,निर्वेद ,आवेग ,श्रम ,मद,जडता, उग्रता, मोह,गर्व,आलस्य आदि गरी व्याभिचारी भाव ३३ प्रकारका छन् ।

२.४ स्थायी भाव

मानव मन भावना र संवेगको भण्डार हो । मानव हृदयमा यी संवेगात्मक भावहरू अनुभाव , वासना वा संस्कारका रूपमा रहेका हुन्छन् । यसरी मानवीय हृदयमा सुषुप्त अवस्थामा वासना वा संस्कारका रूपमा रहेका रति,उत्साह, क्रोध, भय आदि भावहरू स्थायी रूपमा सम्बद्ध भएर रहेका हुन्छन् । यिनै भावलाई स्थायी भाव मानिन्छ । हरेक रसका एकएक वटा स्थायी भाव रहेका हुन्छन् । आलम्बन तथा उद्दीपन विभावले यी स्थायी भावलाई व्युँझाई रसानुभूतिको अवस्थामा पुऱ्याउँछन् र यिनै स्थायी भावबाट रसको निर्धारण गरिन्छ ।

आचार्य भरतले संयोगात् र निष्पत्ति शब्दको विशेष व्याख्या नगरेका हुनाले उनका उत्तरवर्ती आचार्यहरूले रससूत्रमा उल्लेख गरिएका यी दुई शब्दका भिन्नभिन्न व्याख्याका आधारमा रसको परिभाषा अलग ढङ्गले गरेका छन् । रससूत्रका प्रथम व्याख्याता मीमांसक भट्टलोल्लटले रसलाई विभावादिको कार्य मान्दछन् । उनले 'निष्पत्ति' शब्दको अर्थ 'उत्पत्ति' र 'संयोगात्'को अर्थ 'कार्यकारण' सम्बन्ध भन्ने निर्धारण गरेका छन् ।लोल्लटले उत्पत्तिवादमा रसको उत्पत्ति नायकको अनुकार्यमा हुने र दर्शकले आरोपबाट रसानन्द लिने तर्क राख्छन् (सिग्द्याल,२०५८ पृ.१४५)। लोल्लटको व्याख्यानुसार विभावादिद्वारा उत्पाद्य अनुभावादिद्वारा गम्य र सञ्चारी भावद्वारा पोष्य वस्तु रस हो । उनले रस नटनटीको अनुकार्यमा हुन्छ भनेका छन् । रससूत्रका दोस्रा व्याख्याता नैयायिक श्री शङ्कुकले 'निष्पत्ति' शब्दको अर्थ 'अनुमिति' र 'संयोगात्' को अर्थ अनुमाप्यअनुमापक लगाएका छन् । उनले विभावादिलाई अनुमापक र रसलाई अनुमाप्यका रूपमा पहिचान दिलाएका छन् ।नैयायिक शङ्कुकको अनुमितिवादले अनुमाप्य रतिआदि स्थायी भावलाई प्रेक्षकले आत्मा अन्तस्करणका भावसँग तादात्म्य पारेपछि रसास्वादन हुने कुरामा जोड दिन्छ (उपाध्याय,२०७३,पृ.३९) । भरतको रससूत्रका तेस्रा व्याख्याता साङ्ख्यदर्शनका अनुयायी भट्टनायकले' निष्पत्ति' शब्दको अर्थ 'भुक्ति' र 'संयोगात्' शब्दको अर्थ भोज्यभोजक निर्धारण गरेका छन् ।उनलेअविधावृत्तिद्वारा वाच्यार्थको बोध भएपछि भावाकत्व व्यापारबाट विशिष्ट भावको साधारणीकरण हुन्छ र भोजकत्व व्यापारबाट दर्शकले आफ्नै भाव ठानी त्यसको भोग गर्दछ भन्ने ठान्दछन् (गौतम,२०५५,पृ.६९०) । भोजकत्वको अवस्थामा पुगेपछि रजोगुण र तमोगुण नष्ट हुन्छन् र सत्व गुण बाँकी रहन्छ । यही सत्व गुण उत्कर्षमा पुग्दा दर्शक/पाठकका लागि भोगका रूपमा प्राप्त हुन्छ । यही भुक्तिवादको मान्यताका आधारमा भट्टनायकले साधारणीकरणको मान्यता अघि सारेका छन् जुन रसास्वादनसँग सम्बन्धित छ ।भरतको रससूत्रका अन्तिम व्याख्याता अभिनव गुप्तले 'अभिनवभारती' र 'ध्वन्यालोक लोचन' दुवै ग्रन्थमा आफ्ना रससम्बन्धी मान्यतालाई विमर्श गरेका छन् । गुप्तले रससूत्रमा प्रयुक्त 'निष्पत्ति' शब्दको अर्थ 'अभिव्यक्ति' र 'संयोगात्' शब्दको अर्थ व्यङ्ग्य -व्यञ्जक निर्धारण गरी विभावादिलाई व्यञ्जक र रसलाई व्यङ्ग्यका रूपमा उल्लेख गरेका छन् । रस र विभावादिका बीच कार्य-कारण सम्बन्ध स्थापित गर्दै गुप्तले विभावादिको पाठक/दर्शक/श्रोताका वासना वा संस्कारका रूपमा रहेका स्थायी भावसँग संयोग हुन्छ र रस अभिव्यक्त हुन्छ भनेका छन् (उपाध्याय,२०६७,पृ.४६) ।जसरी माटाका भाँडामा पानीको संयोग हुँदा माटाको निजी गन्ध अभिव्यक्त हुन्छ त्यसैगरी मानवीय मनमा स्थायी भावहरू विभावादिका कारण रसका रूपमा परिणत हुन्छन् र यसै अवस्थामा सहृदयीले काव्य/नाटक पढेर/हेरेर/सुनेर काव्यगत विषयसँग हार्दिक तादात्म्य स्थापित गर्दछन् र रस साधारणीकरणको अवस्था सिर्जना हुन्छ ।

साधारणीकरण रसवादको मेरूदण्ड हो ।यसले विशिष्टलाई सामान्य बनाउँछ र भावलाई सार्वजनिक गराउँछ (उपाध्याय,२०६७,पृ.५५)।साधारणीकरण भनेको काव्यगत विषयसित सहृदयहरूको हार्दिक ,तादात्म्य स्थापित हुनु हो,व्यक्तिगत राग,द्वेषबाट हटेर निर्वेद अवस्थामा पुग्नु हो अथवा विशेष सामान्यमा परिणत हुनु हो(पोखेल,२०५९,पृ.५) ।अभिनव गुप्तले साधारणीकरणका दुई स्तर देखाएका छन् जसमा पहिलो स्तरमा विभावादिको व्यक्ति विशिष्ट सम्बन्ध समाप्त हुन्छ भने द्वितीय स्तरमा सामाजिकको व्यक्तित्व बन्धन समाप्त हुन्छ । यसरी साधरणीकरणका कारण काव्यको मूल भावसँग दर्शक,पाठक वा श्रोताको भाव एकाकार हुन्छ र भावको समान्वीकरण हुन्छ ,यो रस निष्पत्तिको एउटा हिस्सा हो र रसानुभूतिका सन्दर्भमा यसको महत्वपूर्ण भूमिका रहन्छ । साधारणीकरण मार्फत् कृतिमा अन्तर्निहित मूल भावसँग दर्शक/पाठकको तेरो र मेरोको भाव

समाप्त हुन्छ र रसानुभूति हुन्छ (एटम,२०७४,पृ.२६०) । यसैले रसानुभूतिको निम्ति विभाव, अनुभाव र सञ्चारीभाव आदिको औचित्यपूर्ण ढङ्गले प्रवर्तन हुनुपर्छ भन्ने मान्यता रसवादीहरूको रहेको छ । उपर्युक्त सैद्धान्तिक पर्याधारका आधारमा कुञ्जिनीखण्डकाव्यको अङ्गी रस र अङ्ग रसको विश्लेषण गरिएको छ ।

३.सामग्री विश्लेषण र नतिजा

'कुञ्जिनी' (२००२) खण्डकाव्य लक्ष्मीप्रसाद देवकोटाको सामाजिक समस्यामा आधारित आत्मिक प्रेमको वियोगलाई देखाइएको खण्डकाव्य हो । यस खण्डकाव्यमा देवकोटाले तत्कालीन नेपाली समाजको सामन्तवादी समाज व्यवस्थामा अन्तर्निहित परम्परित सोंच र आदर्शवादी राष्ट्रप्रेमका कारण आत्मिक प्रेममा बाधा उत्पन्न भएको उल्लेख गर्दै नायक, नायिकाको दु:खान्तमाकाव्यको अन्त्य गरेका छन् । आत्मिक प्रेमको अमरताको अनुभूति गराउन धादिङको झिल्टुङबासीको लोककथालाई आधार मानेर करुण रसलाई परिपाकमा पुऱ्याइएको छ । गोरे र कुञ्जिनीको आत्मिक प्रेमको अमरतालाई प्रस्तुत गरिएको यो काव्य एक रातमा रचिएको देवकोटाको आशुकवित्वको उपज हो । जम्मा ८७ पृष्ठ र २७ खण्डको आयाममा फैलिएको यस खण्डकाव्यमा आख्यानको आरम्भ गोरे र कुञ्जिनी भेडा चराउने र घाँस काट्ने क्रममा आत्मिक प्रेममा बाँधिएको घटनाबाट भएको छ भने कुञ्जिनीको बाबु ठालुसिंहले विपन्न वर्गको गोरेलाई छोरी दिन अस्वीकार गरेको घटनासँगै अगाडि बढेको कथानक एक दिन मामाघरबाट फर्कंदै गरेकी कुञ्जिनीलाई कोल्पू खोलाले बगाएर लैंजाने क्रममा गोरेले हाम फालेर बचाएको र छोरीको प्राण बचाउने गोरेलाई कुञ्जिनी विवाह गरेर दिने ठालुसिंहको निर्णयसम्मका घटनाहरू कथानकको आदि भागमा पर्दछन् भने अचानक राष्ट्रको माग अनुसार गोरे जर्मनको धावामा युद्धमा सरिक हुनु, यता ठालुसिंहले कुञ्नीलाईगोरे फर्केर आउने सम्भावना नभएकाले लखन लेप्टेनको छोरा सेतेसँग विवाह गरिदिने कुरा टुंङ्याउनु, कुञ्जिनीले बाबुको विचारमा सहमति जनाउन नसक्नु , बजरिस्तानमा पठानसँग लड्दालड्दै गोली लागेर गोरले प्राण त्याग गर्नु जस्ता घटनाहरू मध्य भागमा घटेका छन् भने कुञ्जिनीले लखन लेप्टेनको छोरा सेतेसँगको विवाह अस्वीकार गरी विवाहकै दिन गोरेलाई सम्झदै ऊसँगको पुनर्मिलनमा विश्वस्त कुञ्जिनीले त्रिशूलीमा हाम फालेर मर्नु, ठालुसिंह पश्चातापमा पर्नु र कोल्पू नदीको किनारामा एउटा रुखमुनि रातिमा जोडी छाया देखिने लोकविश्वासको संयोगान्तभाससँगै आख्यान सन्दर्भ टुङ्गिएको छ । यही बिछोडको दु:खान्त घटनाले खण्डकाव्यमा कारुणिक भाव परिपक्व अवस्थामा पुगी शोक स्थायी भाव अभिव्यक्त भएको छ ।

३.१ अङ्गी रसको विश्लेषण

'कुञ्जिनी' खण्डकाव्यमा अन्तर्निहित रस विधानको विश्लेषण गर्ने क्रममा अङ्गी रस (करुण) र अङ्ग रस(श्रृङ्गार, वीर,रौद्र र शान्त) लाई रससामग्रीका आधारमा पुष्टि गरिएको छ । साहित्यिक कृतिमा रहेको मूल वा केन्द्रीय रसलाई अङ्गी रस भनिन्छ । यो खण्डकाव्यमा आरम्भदेखि अन्त्यसम्म करूण रस अङ्गी बनेर आएको छ । यो अङ्गी रससँग अन्य सहकारी रसहरू पनि आएका छन् । यो रस काव्यकोमूल भावसँग सम्बन्धित छ । कुनै पनि कृतिमा अङ्गी रसको निर्क्योल गर्दा कृतिमा मुख्य भाव कुन हो रकृतिमा कुन रस परिपाकको अवस्थामा उत्कर्षमा पुगेको छ त्यसका आधारमा यसकोअध्ययन गरिन्छ । साहित्यिक कृतिमा मूलत : शृङ्गार ,करुण र वीर कुन चाहिँ भावलाई प्रकाश पारिएको छ त्यसका आधारमा अङ्गीरसको निर्क्योल गरिन्छ

।कुञ्जिनी खण्डकाव्यमा नायक ,नायिकाको आत्मिक प्रेम अन्त्यमा मृत्युमा पुगेर टुङ्गिएको वियोगको भावलाई अभिव्यञ्जित गरिएको छ जसले दर्शक/पाठक/श्रोतालाई कारुणिक अवस्थामा पुऱ्याएको छ । नायक/नायिकाको कारुणिक भावमाथि प्रकाश पारिएको यस काव्यमा शोक स्थायी भावका रूपमा अभिव्यञ्जित भएको छ । रस सामग्रीका आधारमा यस काव्यमा अन्तर्निहित अङ्गी रसको विश्लेषण यसरी भएको छ :

३.२.१ विभाव

कुञ्जिनी खण्डकाव्यमा शोक स्थायी भाव निष्पत्ति गर्ने कारणका रूपमा नायक र नायिकाको दुःखद् अन्त्य रहेको छ । काव्यमा विषयालम्बनका रूपमा नायिका कुञ्जिनी रहेकी छ भने आश्रयालम्बनका रूपमा गोरे रहेको छ । विषयालम्बन प्रभावक र आश्रयालम्बन प्रभावित भएको छ। खण्डकाव्यमा विषयालम्बनका रूपमा रहेकी नायिका कुञ्जिनीले गोरेको आदर्शवादी राष्ट्र प्रेम (पौरुषपूर्ण महत्वाकाङ्क्षा) र बाबुको सामन्ती तथा व्यवहारवादी निर्णयसँग हारेर अन्त्यमा शरीरको बलिदानद्वारा हार्दिक आत्मिक प्रेममा विजयी बनेकी छ भने कुञ्जिनीमा उत्पन्न आत्मिक पीडाको कारण काव्य नायक गोरे प्रभावित भएको छ । गोरे आँखाभरि देश र मुटुभरि कुञ्जिनीलाई सजाएर बजरिस्तानमा पठानहरूसँगको युद्धमा होमिएको छ । यसको पुष्टि यसरी भएको छ :

कुञ्जिनीलाई जरो आयो, ओछ्यानमा परिन् ।
भोलि जाने दिन भो राउत,
कठैबरा ! मरिन् हजुर , जिउँदै कठै मरिन् । (कुञ्जिनी,पृ.३५)
कसरी खप्ने औंसीको शून्ने, आँसुमा फुटेर ।
हृदय मेरो छरिन्छ प्यारा टुक्रा भई टुटेर ।
आँखा भो पानी, दुःख भो थोपा छातीको पहाड ।
विरह बादल गर्जेर रोयो भन्दछिन् नछाड ।
पीर्तिका दिललाई हे निठुर दैव ! विजोग नपार ।
छटक्क पार तरवारले कालको छिनेर टुक्पार । (पृ.३९-४०)
नेपाल बारी तिमी हौ फूल मेरो आत्मा भंवरो भुन्भुने ,
यो हंस मेरो लाएर फेरो वरिपरि सधैं छ गुन्जने , (पृ.३७)
गोरेले सम्झ्यो कुञ्जिनी गोरी कोल्पूको किनारा
कमलको रोगन फूलको जीवन वैलेका बेचारा । (पृ. ५०)
बैंशको धनु फूलको वाण मुटुको चिरा छ ,
कोल्पूको तिर पखेटा ढल्काई बसेको चरा छ ।(पृ. ५१)

माथिको पहिलो उद्धरणले गोरेको बजरिस्तानमा पठानसँग लड्न जाने निर्णयले कुञ्जिनीमा शारीरिक र मानसिक पीडा उत्पन्न भएको छ । ऊ मुटुको टुक्रा समानको प्रेमीको वियोगले थला परेर जिउँदै मरेतुल्य भएर रहेकी छ । दोस्रो उद्धरणमा गोरेको वियोगमा कुञ्जिनीको संसार अँध्यारो शून्यसरि भएको, मुटु छिया

छिया भएर टुक्रिसकेको आँखाबाट पीडा बर्सिएको ,विरहको बादलले ढाकेको हुनाले विषयालम्बनका रूपमा रहेकी कुञ्जिनीले हे ! भगवान् बरू तरवारले छिनाल तर हाम्रो बिछोड नगरिदेऊ भन्दै ईश्वरसँग पुकारा गरेकी छ । कुञ्जिनीले गोरेसँग बिछोडिनुपर्दा व्यक्त गरेको पीडानुभूतिले आश्रयालम्बनका रूपमा रहेको गोरे प्रभावित भएको छ र तेस्रो उद्धरणमा उसले भौतिक रूपमा टाढा भएपनि आत्माले सधैं तिम्रो परिक्रमा गर्ने छ,तिमी आत्मामै सजिने छौ त्यसैले प्रिया धैर्य गर भन्दै धैर्यताको बाँध बाँध्न लगाएको छ ।चौथो उद्धरणमा मा कुञ्जिनीबाट बिछोड भएर पल्टनमा सहभागी भएको गोरेले चन्द्रगिरीमा पुगेपछि कोल्पूको किनारामा आत्मिक प्रेममा छट्पटिएकी कुञ्जिनीलाई सम्झन्छ । यी उद्धरणमा प्रस्तुत तथ्यबाट शोक स्थायी भाव रहेको करुण रसको अङ्कुरण भएको अनुभूति दर्शक वा पाठकले गर्छ ।

कुञ्जिनी खण्डकाव्यमा शोक स्थायी भावलाई उकास्ने वा उद्दीप्त पार्ने उद्दीपन विभाव यसरी आएका छन् :

सोह्र वर्ष नाघने ठिटा
देशले सारा डाकिन् ।
कुञ्जिनीको कुञ्ज सुखलाई , धेरै बेर आस दिलाई,
बदलीले ढाकिन् ! हजुर बदलीले ढाकिन् । (पृ. ३४)
गएको लहर फर्कन्न बाबै ! चुहेको पसिना ,
उडेको चारो फर्कन्न बाबै गोलीको असिना । (ऐ, ५३)
लखन लेप्टेन पहाडको ठालू छेलो र खेलो छ ,
उसको छोरो सेते छ राम्रो ऊसँग बिहा मिलाउने हाम्रो ,
मनको मेलो छ ।(ऐ ५४)
बाँच्दिनन् हाम्री कुञ्जिनी राम्री बाबुका जिद्दीले ।
के गर्नु हरे ! पीर्तिको दिलमा स्वर्गको गद्दीले ? (पृ. ६१)
देख्छ आज सपना गोरे कुञ्जिनीलाई घाटमा लगेको ,
आखिरीको त्रिशुली घाट आखिरको लम्कोसे आँखा ,
वैलिएको फूलको मुहारमाथि केही नबोली बगेको । (पृ.७६)
फुकाइदेऊ तुना छातीको कुना ,
बिहानको सल्केर आगो , डाहा भयो हुनलाई अँगार । (पृ.४३)

उद्धरण १ मा प्रस्तुत तथ्यले राष्ट्रको आह्वानलाई स्वीकार गरी गोरे कुञ्जिनीलाई छाडेर युद्धमा जाने निर्णय गरेको छ । प्रथम विश्व युद्धमा जर्मनको विरूद्ध सोह्र वर्षमाथिका सबै युवालाई राष्ट्रप्रेमी बनी सरिक हुन गरिएको आह्वानले गोरे र कुञ्जिनीको आत्मिक प्रेममा बाधा उत्पन्न भएको छ ।आत्मिक प्रेमको वियोगलाई उद्दीप्त पार्न उद्धरण २ मासामन्ती संस्कारले सिञ्चित ठालु सिंहले युद्धमा गएको लडाकु र उडेको चरो समान हुनाले यी गोलीका सिकार हुन्छन् त्यसैले गोरेको प्रतीक्षामा बसी जीवनलाई खेर फाल्नुभन्दा लखन लेप्टेनको छोरो सेतेसँग वैवाहिक सम्बन्ध गाँसी सुखसँग जीवन बिताउन भनेको छ । उद्धरण ४ मा कुञ्जिनीको आत्मिक पीडालाई बुझ्ने सानीमा सिन्धुले बाबुको सामन्तवादी सोंच र जिद्दी गर्ने बानीका कारण अब कुञ्जिनीको जीवनमा अँध्यारो छाउने पूर्वसङ्केत गरेकी छ।उद्धरणमा ५ मा प्रस्तुत तथ्यले पनि कुञ्जिनीको भावी जीवनमा

आइपर्ने अशुभलाई सङ्केत गरेको छ । ओइलाएको फूलजस्तै शारीरिक रूपमा सिथिल बनेकी र वियोगका पीडाका आँसुमा डुबेकी कुञ्जिनीलाई मृत्यु पश्चात् घाटमा लगेर जलाएको सपना गोरेले देखेर झस्कन्छ भने उद्धरण ६ को तथ्यले गोरेले युद्धमा होमिने निर्णय गरे पश्चात् कुञ्जिनीलाई औडाहा भएको छातीमा आगो दन्केर डाहा भएको हुनाले चौबन्दीका तुना फुकाइदिन आह्वान् गरेकी छ । यी उद्धरणमा प्रस्तुत तथ्यले वियोगबाट उत्पन्न शोक स्थायी भावलाई उद्दीप्त पारेका छन् ।

३.२.२ अनुभाव

कुञ्जिनी खण्डकाव्यमा करुण रसको अनुभूति गराउने सबै किसिमका शारीरिक चेष्टाहरू भएका छन् । नायक नायिकाको आत्मिक प्रेमको वियोगमा उत्पन्न पीडानुभूति कायिक, वाचिक ,सात्विक र आहार्य चारै प्रक्रियाबाट अभिव्यञ्जित भएको छ जसलाई निम्नानुसारका उदाहरणद्वारा पुष्टि गरिएको छ :

हामी थोरै दिनका बत्ती आशा गरी बैलाउन जन्माई ,
पृथ्वीमा रोएर कठै काल आई लैजान्छ अन्माई (पृ.८१)
सिँगारिदिए दुलहीलाई राम्रो कान्तिपुरी रेसमी सारीमा ,
न तिनी रोइन् न तिनी हाँसिन् टोलाई हेरिन् लहरे पारीमा । (पृ.७९)
ठालु सिंहले कपाल लुछ्यो लडीबुडी खेलेर धुलोमा ।
कोकोहोलो मच्चियो ठूलो कोही झरे त्रिशुली पुलमा । (पृ. ८५)
त्रिशुलीका डिलमा दरबार गुलाफ बारी भएको झल्कियो ।
गोरेलाई झलक्क देखिन् फूलथुँगे शरीर मिल्कियो । (पृ.८४)

उद्धरण १ र ४ मा प्रस्तुत तथ्यले काव्यनायिका कुञ्जिनीको मानसिक अनुभावलाई पुष्टि गरेको छ ।वाचिक अनुभाव अन्तर्गत पर्ने यो अनुभावमा नायिकाले मानव जीवन थोरै दिन बल्ने बत्तीजस्तै भएपनि पृथ्वीमा रोएर बाँच्नुपर्ने र त्यही समयमा मृत्युले अन्माएर लैजाने दुर्भाग्यपूर्ण अवस्थालाई प्रस्तुत गरेकी छन् । त्रिशुलीको डिलमा आफ्नो मनमस्तिष्कमा सजिएको गोरेको दृश्यावलोकनको अनुभूतिसँगै त्रिशुलीमा हाम फालेकी छन् ।उद्धरण २ मा प्रस्तुत तथ्यले आहार्य र सात्विक दुवै किसिमको अनुभाव व्यक्त भएको छ जुन काव्य नायिका कुञ्जिनीसँगै सम्बन्धित भएर रहेको छ । यस अवस्थामा गरगहना र पोसाकले सिँगारिएकी कुञ्जिनीको वाणी निस्किन सकेको छैन ।उद्धरणमा ३ मा प्रस्तुत तथ्यमा कायिक अनुभाव अभिव्यक्त भएको छ जुन खलनायक ठालु सिँहको अनुभवसँग सम्बन्धित भएर आएको छ ।

३.२.३ व्यभिचारी भाव

कुञ्जिनी खण्डकाव्यमा शोक स्थायी भावलाई परिपाकको अवस्थामा पुऱ्याउन सहकारी भावका रूपमा विभिन्न व्याभिचारी भाव देखा परेका छन् । खण्डकाव्यको आख्यान सन्दर्भलाई हेर्दा नायिका कुञ्जिनी, नायक गोरे, खलनायक ठालु सिंह र कुञ्जिनीकी सानिमा सिन्धुका मनोदशामा क्षणिक रूपमा उत्पन्न विभिन्न भावले मूल भावलाई पूर्ण रूपमा प्रकाशमा ल्याउन सहयोग गरेका छन् । खण्डकाव्यमा शोक स्थायी भावलाई प्रकाशित

गर्ने क्रममा आवेग ,अपस्मार, मति ,लज्जा, विषाद, धृति, निर्वेद, चिन्ता, दैन्य ,अमर्ष, शङ्का, ग्लानि जस्ता व्यभिचारी भाव उत्पन्न भएका छन् । यस खण्डकाव्यमा अङ्गी रसका रूपमा रहेको करुण रसको सहकारी भाव बनेर आएको व्यभिचारी भावलाई तलका उदाहरणमा प्रस्तुत तथ्यबाट पुष्टि गरिएको छ :

त्रिशुलीका डिलमा दरबार गुलाफ बारी भएको झल्कियो ।
गोरेलाई झलक्क देखिन् फूलथुँगे शरीर मिल्कियो । (पृ.८४)
त्यहाँ राति देखिन्छन् छाँया एक जोडी सबैले भन्दछन् ।
झिल्टुंग अझै यो कथा पिपलमनि बसेर भन्दछन् । (पृ.८७)
कठै ! मेरी गयौ नि बाबा ! मेरी छोरी कुञ्जिनी अपारकी ! (पृ.८६)
गोरेलाई सम्झने गाँठो मुटुदेखि गलातक कसेर,
बिहा भन्ने डरलाग्दो काल कालो साँपझैं आउँथ्यो डसेर । (पृ. ८०)

उद्धरण १ को तथ्यले अमर्ष, मोह, मरण जस्ता व्यभिचारी भाव अभिव्यक्त भएका छन् भने उद्धरण २ मा दैहिक रूपमा मेल हुन नसकेका नायक नायिका आत्मिक रूपमा मेल भएको बोध गराउने लोककथा अझै पनि भनिन्छ भन्ने यो भावले निर्वेदका माध्यमबाट करुण रसलाई परिपाकको अवस्थामा पुर्याएको छ भने उद्धरण ३ मा चिन्ता, विषाद,शङ्काको भाव अभिव्यक्त भएको छ । उदाहरण को तथ्यले कुञ्जिनीको विवाहका दिनको अवस्थाको वर्णन गरेको छ । यी पङ्क्तिमा विवाहको आयोजना नै मृत्युको कारण बनेको कारुणिक भाव अभिव्यक्त भएको छ । पीडाले मन ,मस्तिष्कमा आघात उत्पन्न गरेको अवस्थामा विवाह डरलाग्दो काल बनेर आएको छ । त्यसैले स्मृति,भय,जडताजस्ता व्याभिचारी भावले करुण रसलाई परिपाकमा पुऱ्याएका छन् । खण्डकाव्यमा यस्ता सञ्चारी भावहरू अन्य प्रसङ्गमा अभिव्यक्त भएका छन् ।

३.२.४ स्थायी भाव

कुञ्जिनी खण्डकाव्यमा स्थायी भावका रूपमा शोक अभिव्यक्त भएको छ । प्रिय व्यक्तिसँगको वियोग वा विनाश देखेर वा सुनेर दर्शक/पाठकका मनमा करुण रस उत्पन्न हुन्छ । काव्यमा नायक / नायिका दुवैको आत्मिक प्रेमको वियोग र विनाशको आख्यान सन्दर्भलाई प्रस्तुत गरी स्थायी भाव उत्कर्ष भएको छ । नायिका कुञ्जिनी र नायक गोरेको भौतिक तथा दैहिक रूपमा मिलन हुन नसकेपछि प्रकृतिमा लीन नायक/नायिकाको आत्मिक मिलनको संयोगान्ताभासमा काव्य टुङ्गिएको छ । काव्यमा अभिव्यक्त विभाव,अनुभाव र व्याभिचारी भावको संयोजनमा दर्शक/पाठकका मनमा सुषुप्त अवस्थामा रहेको करुण भाव जागृत भएको छ । काव्यमा विभावादिको संयोगबाट परिपुष्ट करुण रसले सहृदयीका आँखामा आँसु छचल्किएको छ । गोरे र कुञ्जिनीको मिलन,बिछोड,पुनर्मिलन र पुनर्बिछोडको घटना, सन्दर्भ र परिवेशले आलम्बन र उद्दीपन विभावलाई प्रस्तुत गरेका छन् भने नायक/नायिकाको बिछोड र मृत्युले दुखद् पीडानुभूतिमा पुऱ्याई व्याभिचारी भावको संयोगमा शोक स्थायी भाव अभिव्यक्त भएको छ । काव्यमा विभावादिका कारण अभिव्यक्त यही शोक स्थायी भावले करुण रस उत्पादन गरी आस्वादन योग्य बनाएको छ जसलाई सहृदयी पाठक/दर्शकले पढेर वा हेरेर रसास्वादन गर्न सकिन्छ ।

३.३ कुञ्जिनी खण्डकाव्यमा अङ्गरस

कुनैपनि काव्यकृतिमा मूल रसको अङ्गभएर आउने रस अङ्गरस हो । काव्यमा यो मूल भावभन्दा तल्लो वा सहायक स्तरको कथ्यसँग सम्बन्धित भएर आउँछ ।कृतिमा अङ्ग रसको निर्क्योल गर्दा कृतिमा सहायक भाव कुन कुन हुन् तिनको रसानुभूति र परिपाकको अवस्था कस्तो छ , तिनले अङ्गी रससँग कस्तो सम्बन्ध राखेका छन् भन्ने कुराको अध्ययन गरिन्छ । एउटै कृतिमा अङ्गी रस र अङ्ग रस आउँदा कतिपयमा मुख्य भावसँग समन्वित हुँदै गतिशील भएका हुन्छन् र त्यसैका आधारमा रसको निर्धारण गरिन्छ भने कतिपय काव्यमा मुख्य घटनासँग अन्य सहायक घटनाहरू पनि समन्वित भएर समानान्तर रूपमा अगाडि बढेका हुन्छन् । काव्यमा अभिव्यक्त भावका आधारमा रसको निर्क्योल गरिन्छ । कृतिमा मुख्य भावपछि अर्को कुन भाव प्रकाश्य छ, त्यसबाट अङ्ग रस निर्धारण गरिन्छ । कुञ्जिनी खण्डकाव्यको सन्दर्भमा अङ्गी रस करुण (शोक) हो भने त्यससँग सम्बन्धित अन्य अङ्ग रसका रूपमा श्रृङ्गार,वीर,रौद्र र शान्त रस आएका छन् तापनि यी रसको मूल भावसँगको सम्बन्ध फरक फरक रहेको छ । विभिन्न एक्काईसवटा उपशीर्षक रहेको यस खण्डकाव्यमा राष्ट्रको माग अनुसार गोरे जर्मनका विरूद्धमा लडाइमा जानुभन्दा अगाडिको आख्यान सन्दर्भले संयोग श्रृङ्गार रसको अनुभूति गराएको छ तापनि परिपाकको अवस्थामा पुग्न नपाउँदै काव्यको अङ्गीरसका रूपमा रहेको करुण रसको आधार बन्न पुगेको छ ।

३.३.१ शृङ्गार रस

कुञ्जिनी खण्डकाव्यको मूल भाव नायक नायिकाको आत्मिक प्रेम त्यसपछिको वियोग र अन्त्यमा दुवैको प्रकृतिमा लीन (मृत्यु) को कारुणिक प्रसङ्गसँग सम्बन्धित भई परिपाकको अवस्थामा पुगेको छ । यही कारुणिक प्रसङ्गको पोयोमा शृङ्गार रस पनि सहायक रसका रूपमा बाटिएर आएको छ । जसले करुण रसको आधार बनेर काम गरेको छ । काव्यमा खण्ड क , ख ,ग ,घ ,झ र यमा प्रेमाकर्षणमा आधारित श्रृङ्गार रस अभिव्यक्त भएको छ तापनि परिपाकको अवस्थामा पुग्न सकेको छैन । रस सामग्रीका आधारमा यस रसको विश्लेषण यसरी गरिएको छ :

३.३.१.१ विभाव

यो भाव सम्प्रेषणको आधार हो । यस काव्यमा नायिका कुञ्जिनी विषयालम्बन, नायक गोरे आश्रयालम्बनका रूपमा रहेका छन् भने यहाँ गोरे र कुञ्जिनी एक आपसमा रति (प्रेम)भावको निष्पत्तिका आधार बनेका छन्

उ हेर तिनी आइन्
प्रीतिका बथान ल्याइन्
वन नाला बन्दै गाइन् , फूल पयरमा । (पृ.७)
बाँकटे मखमल चोली
हरियो सारी डोली
बैंसकी मूर्ति भोली
वसन्त ऋतुजस्तै गाउँछिन् वनचरा ! (पृ.६)

.कुञ्जिनी भन न !
म तिमीलाई राखी आँखामा सुत्छु
तिमीलाई सम्झी बिहान उठ्छु ।
कोल्पूको सुन झैं तिमीमा बुड्छु,
स्वर्पङ्खे चरो बनेर उड्छु
हे मेरी जीवन ! (पृ.१३)
मोहनीको मन्दिरको पुजारी !
एक बोली वचन , पीर्तिको वरदान,
माग्न भनी जनम जनम ।
धाई आयो पयरको भिखारी ।(पृ.८)
मनका बाजा बज - बज ,
दिन आउँछ भारी !
प्रभु जगत् सिँगारी ।(पृ.२९)
काँडा हाम्रा झरीसके पीर्ति डुल्छ खालि
तिम्रो भन्दा राम्रो सुवास दिउँला अत्तर हाली ।(पृ.१४)
खुकुरीको तिखो टुप्पो रुख रुखमा लाई
बोक्रा भरि तिनका नाम दिन्छु बुट्टाई ।
दुख्ने छैन आज रूखलाई पिरतीको नाउँ ।(पृ.१६)

उपर्युक्त उद्धरणमा प्रस्तुत तथ्यले काव्यमाशृङ्गार (प्रेम)रसको आभास भएको छ ।कोल्पूको तिरमा भेडाका बथानसँग गीत गाउँदै कुञ्जिनी गोरेसामु पुग्नु, यौवनमा फुलेकी कुञ्जिनीको सुन्दर पहिरन र सुमधुर स्वरले गोरे आकर्षित हुनु, गोरेले हरबखत तिमीलाई सम्झन्छु भन्दै आत्मिक प्रेमोद्गार व्यक्त गर्ने क्रममा कुञ्जिनीको नाम रूखका बोक्रा खुर्केर कलात्मक रूपमा कोर्नु,कुञ्जनीलाई कोल्पूको भेलले बगाउँदा बचाउने गोरेलाई ठालु सिंहले छोरी दिने निर्णय सुनाएपछि गोरेले हर्षोद्गार प्रकट गरेको छ । प्रेमोद्गारको भाव व्यक्त भएका यी काव्यांशले गोरे र कुञ्जिनीका बीचको रतिरागात्मक भाव व्युँझाउने काम गरेका छन् ।गोरे र कुञ्जिनीका बीचको आत्मिक प्रेमको आधारका रूपमा रहेका यी भावहरू शृङ्गार रसको आलम्बन विभाव बनेका छन् ।

३.३.१.२ उद्दीपन विभाव

कुञ्जिनी खण्डकाव्यमा अङ्गरसका रूपमा रहेको शृङ्गार रसलाई उद्दीप्त पार्न कोल्पू वरिपरिको हरियालीले युक्त प्राकृतिक दृश्य,कोल्पूको कलकल,गोरेले कुञ्जिनीलाई बचाएपछिको ठालु सिंहको छोरी दिने अभिव्यक्ति आदिले आएका छन् । गोरे र कुञ्जिनीका बीचको रतिरागात्मक भावलाई उकास्न आएका भाव यसरी प्रस्तुत भएका छन् :

छहरा गाउँछिन् पीर्तिको नाला
लालमोहर लाग्यो पीर्तिको हेर , (पृ.१३)
लङ्कापारिबाट परी बतास पंखी आए !

बादलका चाँदी भुवा सौगात भनी ल्याए !
झुम्के चरम रंगीचंगी डोली-डोली धाए
साइपाटाका फूलका किश्ती सारा खिल्मिलाए ।
कोपिला भै बेह्रिएको लगन खोली हेर !
सुनका अक्षर सुनका कबूल पाइनेछन् धेर ! (पृ. १५)
अबलाई भन्ने छैन करमको गति ।
तैंले ज्यान बचाइ ल्याइस् ।
ईश्वर हातले तैले पाइस् (ऐ.२६)

उद्धरण १,२,३ मा प्रस्तुत तथ्यले कोल्पू वरिपरिको हरियाली ,एकान्त स्थल,फक्रेका फूल,छहरा ,कोसेलीपात बोकेर लङ्काबाट बग्दै आएको हावा ,फूलका कोपिलामा बाँधिएको लगन गाँठो ,साइपाटा सिंगारेजस्तै सुन्दर बनेको प्रकृति ,रङ्गीचङ्गी डोली आदिले यी दुईको आत्मिक प्रेमलाई उद्दीप्त पारेका छन् । यहाँ कोल्पूको सुन्दर, सुनसान,शीतल वातावरणमा प्रकृति र मानव मनका बीचको तादात्म्यलाई देखाई संयोग शृङ्गार उद्दीप्त भएको छ । ठालुसिंहले छोरी दिने वचन व्यक्त गरेपछि गोरे र कुञ्जिनी दुवैको अन्तरात्मामा अङ्कुरित भएको प्रेमले उद्दीप्तता प्राप्त गरेको छ ।

३.३.१.३ अनुभाव

कुञ्जिनी खण्डकाव्यमा अङ्गरसका रूपमा आएको शृङ्गार रसको अभिव्यक्तिमा अभिव्यक्त अनुभावलाई तलका उदाहरणले पुष्टि गरेका छन् :

फूलले डाक्छे भवरालाई बैंसको कचौराले
अत्तर छिटी हाउभाउ गरी नाच्छे नखराले । (ऐ.,३०)
कानेखुसी गर्न आयो लौ न बतास आज
पात पातमा सुसेलेर लाग्छ मलाई लाज । (ऐ., ३१)
उफ्री मुटु उर्ली उर्ली
आज मनको बाढी
बिहालाई धेरै छैन । (पृ.२९)
जीवनमा एक बहार आउँछ
पिरतीको चाहड !
मुरली....मुरली ।(पृ.२९)
झुम्के यारिन लगाऊँ भने,
लाग्छ मलाई लाज,
आज उड्न मन लायो डाँफे ,
गीत गाइ।
ढुक्कुरजस्तो हुन्छ कुर्लू कुर्लू,
हुन्छ मनमा आइ । (पृ.३०)
तिम्रो मनको धोका पुग्ला छोरी मेरी गोरी ।

आज लावा अबीर लिई मचाउँला होरी । (पृ.३०)

उपर्युक्त तथ्यमा गोरे र कुञ्जिनी बीच लगन गाँठो कसिने संभावनाले यी दुवैले हर्षोल्लासपूर्ण वातावरणमा आनन्दानुभूति गरेका छन् ।कुञ्जिनी गरगहना लगाई अत्तर छिटी नाचेकी छे ,कहिले लाज मानेर गाउँछे ,कहिले ढुकुरजस्तै कुर्लन मन लागेको कुरा बताउँछे । गोरे पनि विवाह हुने दिन नजिक आएकोमा खुसीले मुरली बजाएर हर्षोद्गार व्यक्त गरेको छ । यो आत्मिक मिलनमा लावा र अबीर छरेर खुसियाली मनाउने मनस्थितिमा सानिमा सिन्धु रहेकी छ । यसरी राधा र कृष्णको जस्तो यो जोडीलाई लहराको लगन गाँठो कसेर प्रेमोल्लास मनाउने तयारीमा रहेका नायक,नायिका दुवैका कायिक, वाचिक,सात्विक र आहार्य अनुभाव व्यक्त भएको छ । दुवैको आत्मिक प्रेमानुभावसम्मको अवस्थामा पुगेपछि गोरेको स्थिति विपर्यायका कारण जर्मनको लडाइमा जानुपर्ने (राष्ट्रको आह्वान् अनुसार) बाध्यात्मक अवस्था र त्यस अवस्थालाई नकारात्मक ढङ्गले व्याख्या गर्ने सामन्त ठालु सिंहको व्यवहारले शृङ्गार रस परिपाकको अवस्थामा पुग्न सकेको छैन र रसाभासको अवस्था सिर्जना भएको छ ।

३.३.२ रौद्र रस

गीत गाउँदै,घाँस काट्दै,भेडा चराउँदै कोल्पूको हरियालीले युक्त वातावरणमा आत्मिक प्रेममा बाँधिएका कुञ्जिनी र गोरे बीचको प्रेमलाई गोरेले उत्कर्षमा पुऱ्याई परिपाकको अवस्थातर्फ रूपान्तरण गर्न खोज्दा कुन्जिनीको बाबु सामन्ती ठालु सिंहले गरिब गोरेसँग छोरीको विवाह नगरीदिने भाव व्यक्त गरी रिसाउँछ । त्यो अवस्थामा गोरेलाई अपमान गर्दै व्यक्त गरेको भावाभिव्यक्तिमा रौद्र रसको आभास भएको छ । जस्तै :

त्रिशुलीमा डुबी आइज,
मेरी छोरी लिन ।
नत्र भीरको भालुलाई
जा,जा मैले दिन्न । (पृ.१९)

यहाँ गोरे विषयालम्बन विभाव, ठालुसिंह आश्रय आलम्बन, गोरेले आत्मिक प्रेमिका कुञ्जिनीको हात माग्नु उद्दीपन विभाव,ठालु सिंहद्वारा गरिएको अपमानित व्यवहार र कठोर वचन (जा जा भीरको भालु) अनुभाव,ठालुसिंहको उग्रता,क्रुरता,सञ्चारी भावको संयोजनबाट क्रोध स्थायी भाव निष्पत्ति भएको छ । यसरी गोरेलाई अपमानित व्यवहार प्रदर्शन गरी क्रोधको भाव व्यक्त गरेपछि प्रकृतिले पनि रिसाएर मलिन रूप प्रदर्शन गर्दै मुसलधारे वर्षा गराएकी छन् । कोल्पूको बाढी बढेर पहाडको दाढीसमेत ढाकिदिएको छ र कुञ्जिनीलाई बगाएको छ ।

आयो गड्गड् ठूलो भेल, पहिलो ठूलो भारी
माथिसम्म उर्लो हल्लाई पहाडको दाढी
गुड्गुड् गर्दै कोल्पू देवी, चुरिएर आइन्
एउटा चिच्याएको आवाज एउटा तर्सिएको आवाज गोरे कानमा ल्याइन् । (पृ.२५)

यहाँ वर्षाको ठूलो भेल विषयालम्बन, बग्दै गर्दा चिच्याएकी कुन्जिनी आश्रयलम्बन,कोल्पू देवी रिसाएर चुरिनु उद्दीपन विभाव हो भने पहाडको दाढी ढाक्ने गरी गुड्गुड् आवाज निकाल्दै बगेको खोलामा चिच्याएको आवाज गोरेको कानमा पुग्नु,अनुभाव र खोलाको उग्र आवेगजस्ता व्यभिचारी भावको संयोजनमा रौद्र रस अभिव्यक्त भएको छ ।

३.३.३ वीर रस

कुन्जिनी खण्डकाव्यमा कोल्पूनदीले बगाएर ल्याएकी कुन्जिनीलाई गोरेले हाम फालेर बचाउँदा र राष्ट्रको आह्वान् स्वीकार्दै जर्मन विरूद्ध बजरिस्तानमा लड्न जाँदा गोरे लगायत सम्पूर्ण गोर्खालीले बहादुरी देखाएका छन्, उत्साहका साथ लडेका छन् र अदम्य साहस प्रदर्शन गरेका छन् । मूल भावसँग सम्बन्धित भएर आएको यस सन्दर्भले वीर रसको रसानुभूति यसरी गराएको छ ।

हाम्फाल्यो है ठूलो भेलमा मिर्मिर अँधेरीमा !
कुन्जिनीलाई फेला पार्यो बीच भुमरीमा ।
पौडी ल्यायो कोल्पूवारि कोल्पूवारितिर ।
जहाँ उपर फुल्थ्यो डम्म गुलाफ भ्हांगे भीर । (पृ.२५)

यहाँ कोल्पूले बगाएर ल्याएकी कुन्जिनीलाई बचाउने गोरे विषयालम्बन,कुन्जिनी आश्रयालम्बन, गोरेले झ्वाम्म हाम फालेर भुँवरीमा पसी देखाएको वीरता उद्दीपन विभाव,पौडेर कुन्जिनीलाई वारि ल्याउँदाको खुसीयाली अनुभाव हो । गोरेको धैर्य व्याभिचारी भाव हो र यिनैको उचित संयोगमा उत्साह स्थायी भाव अभिव्यक्त भएको छ ।

जस्तो आउँदा सलह लश्कर चील हाँक्छन् आनन्द लिएर,
यस्तै गरी गोर्खाली वीरले हाँके पठान निर्भय भएर,
घेरी ल्याए पठानले सारा तिखा भाला नजिकै पारेर,
गोरे उफ्र्यो खुकुरी नचाई 'काली माई'को नाउले फारेर । (पृ.६९)

यहाँ गोर्खाली वीर विषयालम्बन, सलह झैं लस्कर लागेर आएका पठान आश्रयालम्बन , गोर्खाली वीरको हाँक उद्दीपन विभाव र गोरेले काली माईको नाम जप्दै तीखा भालाको नजिकै पारी खुकुरी नचाउनु अनुभाव हो भने गर्व, धैर्य सञ्चारी भाव हुन् र यी सबैको संयोजनमा उत्साह स्थायी भाव उत्पन्न भएको छ ।

३.३.४शान्त रस

कुन्जिनी खण्डकाव्यमा अङ्गीरस करुणसँग सहायक रसका रूपमा शान्त रस पनि आएको छ । कुन्जिनीलाई कोल्पूले बगाउँदा गोरेले बचाएपछि ठालुसिंहको चिन्तनमा परिवर्तन आएको छ । मृत्युको मुखबाट कुन्जिनीलाई बचाएको गोरेलाई ठालुसिंहलेदिन मञ्जुर गर्दा शान्त रस अभिव्यञ्जित भएर आएको छ भने खण्डकाव्यको अन्त्यमा करुण रसलाई परिपाकको अवस्थामा पुर्याउने सन्दर्भमा पनि शान्त रसको अनुभूति भएको छ ।

अबलाई भन्ने छैन जे गर्दछौ गर ।
कुटी लिइ बगैंचामा फूललाई गीत गाउँछु ।
परमेश्वरको भर ।
चार दिनको गुँडहो अब के भन्नु छ घर,
तुषाराका निम्ति पाई जानुपर्छ पर । (पृ.२६)

आत्मिक प्रेममा बाँधिएका गोरे र कुञ्जिनीलाई जे गर्दछौ गर भन्नु विषयालम्बन,कुटीको बगैंचामा फूल लिएर परमेश्वरको गीत गाउने ठालुसिंह आश्रयालम्बन, यो जिन्दगी अस्थिर,अनित्य छ भन्दै वैराग्य भाव अभिव्यक्त गर्नु उद्दीपन विभाव हो भने परमेश्वरको भर पर्नु, भजन गाउनु सम्पत्तिको सांसारिक माया,मोहबाट अलग हुन खोज्दै घर छैन भन्नु अनुभाव हो भने यी सबैको संयोजनमा निर्वेद स्थायी भाव अभिव्यक्त भएको छ र शान्त रसको अभिव्यक्ति भएको छ ।

झूटा बाबु रोएर बस्थे खानपिन छोडेर पटक्क,
कलेजाकी टुक्रा झैं छोरी देव आई चुंडेर चटक्क ।
मूर्ख थिए छोरीका स्नेही बाहिरका धनलाई सुख चिन्ने,
अब बुझे बूढाले संसार किला केश भएर सब सुन्ने । (पृ. ८७)

यहाँ प्रकृतिमा लीन भई प्रेमलाई अमर बनाउने छोरी (कुञ्जिनी) विषयालम्बन, भौतिक सुख सम्पत्तिलाई महत्त्व दिने बाबु आश्रयालम्बन, कलेजाको टुक्रा समानकी छोरीलाई दैवले चुँडेर लैजानु (मृत्यु हुनु) उद्दीपन विभाव, मूर्ख बाबुको रुवाइ अनुभाव, निर्वेद, मति व्यभिचारी भावको संयोगमा शम स्थायी भाव उत्पन्न भएको छ ।

४.निष्कर्ष

कुञ्जिनी खण्डकाव्यमा अङ्गीरसका रूपमा शोक स्थायी भाव भएको करुण रस अभिव्यक्त भएको छ भने अङ्गरसका रूपमा शृङ्गार,रौद्र,वीर, र शान्त रस अभिव्यञ्जित भएका छन् । यी अङ्गरसले मुख्य भावलाई परिपाकको अवस्थामा पुर्याउन महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । विविध भावहरूको प्रस्तुति रहेको यस काव्यमा मूख्य भावका रूपमा शोक प्रकाशित भएको छ । नायक, नायिकाको आत्मिक प्रेम, तत्कालीन नेपाली सामाजिक,सांस्कृतिक सोंच र नायकको स्थिति विपर्यायका कारण काव्य शोकमा टुङ्गिएको छ । काव्यमा सहायक रूपमा रति,उत्साह,क्रोध,सम भाव भएका शृङ्गार लगायत वीर, रौद्र, शान्त आदि रसहरू अभिव्यक्त भएका छन् तापनि शृङ्गारजस्तो सशक्त रूपमा अन्य सहायक रस चमत्कृत हुन सकेका छैनन् । करुण रसको पृष्ठभूमिका रूपमा आएका शृङ्गार, रौद्र,वीर लगायतका रसले काव्यको मूल भावलाई परिपाकमा पुऱ्याएका छन् ।नायक,नायिकाको मिलन, वियोग, पुनर्मिलन र पुनर्वियोगमा गतिशील आख्यान सन्दर्भले संयोग शृङ्गार भावबाट काव्यलाई बिप्रलम्ब शृङ्गारमा विचरण गराउँदै करूण रस परिपाकमा पुगेको छ । काव्यको रसपरक मूल्याङ्कन गर्दा यस काव्यमा शोक मूल भावको रूपमा स्थापित भएको छ, रति, क्रोध, उत्साह,सम,घृणा आदि सहायक भावको उपस्थितिले कुञ्जिनी र गोरेको वियोगान्त कथालाई अश्रुकाव्यका रूपमा स्थापित गर्न सहयोग पुऱ्याएका छन् ।अङ्गरसका रूपमा शृङ्गार रसको स्थान तुलनात्मक रूपमा उच्च रहेको छ ।

निष्कर्षतः खण्डकाव्यमा गोरे र कुञ्जिनीको स्वच्छन्दतावादी प्रणय चिन्तनमा आधारित प्रेमालापमा रतिरागात्मक मिठासको अनुभूति गर्दै वियोग भावका माध्यमबाट विरह,वेदनाको सोपान चढ्दै जाँदा दुवैको मृत्यु र मृत्युपरान्तको संयोगान्ताभासमा आँसु छचल्किन्छन् । यसै अवस्थामा सामाजिकमा गोरे र कुञ्जिनीको दुःखान्तको पीडानुभूति साधारणीकरणमा रूपान्तरण भएपछि पाठकले रसानुभूति गर्दछन् । रसास्वादनको यस अवस्थामा काव्यमा करुण रस परिपाकको अवस्थामा उत्कर्षमा पुगेको छ भने शृङ्गार,वीर,रौद्र लगायतका रसहरू अङ्गरसका रूपमा स्थापित भएका छन् ।

सन्दर्भसामग्री सूची

अधिकारी,हेमाङ्गराज (२०३५),*पूर्वीय समालोचना सिद्धान्त* (दोस्रो संस्क.), काठमाडौँ : साझा प्रकाशन ।

अवस्थी, महादेव (२०६१),*लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारिता* ,काठमाडौँ : एकता प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०६७),*पूर्वीय साहित्य सिद्धान्त* (पाँचौं संस्क.), काठमाडौँ : साझा प्रकाशन।

एटम, नेत्र (२०७४),*संक्षिप्त साहित्यिक शब्दकोश* ,काठमाडौँ : नेपाल प्रज्ञाप्रतिष्ठान ।

खत्री, विष्णुबहादुर (२०७१),*महाकवि देवकोटाका काव्यकृति* ,काठमाडौँ : बृहस्पति पुस्तक प्रकाशन ।

गड्तौला, नारायण (२०७७),*पूर्वीय काव्यशास्त्रको प्रायोगिक पद्धति,* काठमाडौँ :नेपाल प्रज्ञाप्रतिष्ठान ।

गौतम, देवीप्रसाद (२०५५), 'रस' *नेपाली साहित्यकोश* .सम्पा.कृष्णचन्द्रसिंह प्रधान र अन्य,काठमाडौँ : नेपाल प्रज्ञाप्रतिष्ठान ।

जोशी, कुमारबहादुर (२०७६),*देवकोटाका कविताकृतिको कालक्रमिक विवेचना* ,(तेस्रो संस्क.) काठमाडौँ : साझा प्रकाशन।

जोशी, कुमारबहादुर (२०४७),*देवकोटाका कविता यात्राको विश्लेषण र मूल्याङ्कन,*काठमाडौँ : नेपाल प्रज्ञाप्रतिष्ठान ।

थापा, मोहन हिमांशु (२०७३),*साहित्य परिचय,*(छैटौं संस्क.)काठमाडौँ : साझा प्रकाशन।

देवकोटा, लक्ष्मीप्रसाद (२०६२),*कुञ्जिनी*(सातौं संस्क.)काठमाडौँ : साझा प्रकाशन।

नगेन्द्र (सन् १९७४)*रससिद्धान्त* (तृतीय संस्क.) , दिल्ली : नेशनल पब्लिसिङ हाउस ।

नगेन्द्र (सन् २०१२)*रीति काव्य की भूमिका* (सोलहवां संस्क.) , दिल्ली : नेशनल पब्लिसिङ हाउस ।

पोखरेल, भानुभक्त (२०५९),*सिद्धान्त र साहित्य,*(दोस्रो संस्क.) काठमाडौँ :साझा प्रकाशन ।

बन्धु,चूडामणि (२०४६),*देवकोटा,*काठमाडौँ : साझा प्रकाशन ।

भट्टराई, गोविन्द (२०७७),*पूर्वीय काव्य सिद्धान्त* (दोस्रो संस्क.),काठमाडौँ :नेपाल प्रज्ञाप्रतिष्ठान ।

भरत (सन् २००२),*नाट्यशास्त्र,* नई दिल्ली : राष्ट्रिय संस्कत संस्थान ।

मम्मट, (२०४२),*काव्यप्रकाश* (छैटौं संस्क.), वाराणासी :ज्ञानमण्डल लिमिटेड ।

रिसाल, राममणि (२०५८),*नेपाली काव्य र कवि* ,(पाँचौ संस्क.) काठमाडौँ : साझा प्रकाशन ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसादलुइटेल (२०६१) ,*पूर्वीय तथा पाश्चात्य साहित्य सिद्धान्त,*काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

सिग्देल, सोमनाथ शर्मा (२०५८),*साहित्य प्रदीप,* काठमाडौँ : .विद्यार्थी पुस्तक भण्डार ।

मैले नजन्माएको छोरो कथामा दृष्टिविन्दु

अनिल अधिकारी
उपप्राध्यापक
महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस

बेनुबहादुर कार्की
उपप्राध्यापक
भोजपुर बहुमुखी क्याम्पस
Corresponding Email:aniladhikaribhojpur@gmail.com

लेखसार

प्रस्तुत लेख मैले नजन्माएको छोरो कथामा दृष्टिविन्दु शोधसमस्याको समाधान कथाका दृष्टिविन्दु पात्र र अन्य पात्रको सम्बन्ध, प्रथमपुरुष केन्द्रीय दृष्टिविन्दुको प्रयोग र उक्त प्रयोगको प्रयोजनजस्ता तीन विषयगत शोध्यसमस्याको विश्लेषणमा केन्द्रित छ । गुणात्मक अनुसन्धानविधि र पाठविश्लेषण ढाँचामा तयार हुने यस लेखमा विषयगत आधारमा कथाबाट लिइएका उद्धरण दृष्टिविन्दुको सैद्धान्तिक मान्यताका आधारमा विश्लेषणात्मक विधिमा अर्थापन भएका छन् । आख्यान सिद्धान्तअन्र्तत दृष्टिविन्दु यस लेखको सैद्धान्तिक आधार हो । दृष्टिविन्दु आख्यानमा समाख्याताले कथ्यविषयको प्रस्तुतिका लागि चयन गरेको पात्र हो भने कथाका अन्त तत्वसँग प्रत्यक्ष सम्बन्ध रहने यस तत्वले सिर्जनालाई पाठकसँग जोडी कथा कसको हो ? कथामाथि कसले प्रकाश पारिरहेको छ ? कथालाई आख्यान सूत्रमा बाँध्नका लागि अवलम्बन गरेको पद्धति कस्तो छ ? जस्ता प्रश्नको उत्तरमा आउने विषयलाई खोजी गर्दछ । कथामा दृष्टिविन्दु त्यो स्थिति स्थान वा सीमा हो जसको माध्ययमबाट कथाकारले आफ्नो धारणा वा अनुभूति पाठक वर्ग समक्ष पुऱ्याउने आधार मानिन्छ । यस लेखमा मैले नजन्माएको छोरो कथामा दृष्टिविन्दु पात्र 'म' र अन्य पात्रबीचको सम्बन्ध आलोचनात्मक, निरपेक्ष, अन्तर्मुखी एवम् सम्बन्धविहीन सम्बन्धमा आधारित विषयको स्थापना गर्न अग्रसर छ भने कथाको आरम्भदेखि अन्त्यसम्मका आख्यान निर्मापक द्वन्द्व, क्रिया, घटना र कथ्यविषयमा 'म' पात्रको प्रत्यक्ष संलग्नता रही कथाको आरम्भ, विकास, बिस्तार र निष्कर्षप्राप्ति प्रथमपुरुष केन्द्रीय दृष्टिविन्दुको पुष्टि हो । यस कथामा प्रथमपुरुष केन्द्रीय दृष्टिविन्दुको प्रयोजन व्यक्तिगत स्वतन्त्रताका अन्तर्यमा अस्तित्ववादी जीवनचेतनाको प्रस्तुतीकरण रहेको विषयमा विमर्श भएको छ ।

शब्दकुञ्जी : *दृष्टिविन्दु, समाख्याता, समाख्यानात्मक, सम्बोधक, अभिवृत्ति, विचार।*

विषयप्रवेश

प्रस्तुत लेख "मैले नजन्माएको छोरो" कथामा दृष्टिविन्दुको विश्लेषणसम्बद्ध छ । प्रस्तुत कथा २०२१ सालको *रचना* वर्ष ३(१) मा प्रथमपटक प्रकाशित भई *आदिम देशमा* (२०२५) कथासङ्ग्रहमा सङ्गृहीत भई पुनर्प्रकाशित भएको कथा हो । प्रस्तुत कथाकी रचयिता पारिजात (१९९४-२०५०) नेपाली साहित्यका कविता, आख्यान, निबन्ध र नाटक विधामा कलम चलाउने साधक हुन् । साहित्यक्षेत्रमा २०१३ सालमा *धर्ती* पत्रिकामा "आकाङ्क्षा"शीर्षकको कविता प्रकाशन गरी प्रवेश गरेकी पारिजातको "मैले नजन्माएको छोरो" प्रथम प्रकाशित कथा हो । पारिजातलाई कथाकार व्यक्तित्व प्रदान गर्न *आदिम देश* (२०२५) *सडक र प्रतिभा* (२०३२), *साल्गीको बलात्कृत आँसु* (२०४३) र *बधशाला जाँदाआउँदा* (२०४९) चार कथासङ्ग्रह प्रकाशित छन् । प्रस्तुत कथा कथाकारको कथालेखनगत प्रथम चरणको जीवनदृष्टिलाई अभिव्यञ्जित गर्ने कृति हो । आरम्भकालीन कथामा अस्तित्ववादी विसङ्गतिवादी भावधारालाई अङ्गीकार गरी कथा लेख्ने पारिजातको प्रस्तुत कथा अस्तित्ववादी जीवनचेतना प्रतिबिम्बन भएको रचना हो । प्रथमपुरुष केन्द्रीय दृष्टिविन्दुका अन्तर्यमा संरचनात्मक आयाम प्राप्त गरेको प्रस्तुत कथा दृष्टिविन्दुका कोणबाट विश्लेषणीय सामग्री हो ।

कथाका प्रमुख तत्त्वहरू मध्ये दृष्टिविन्दु एउटा तत्त्वका रूपमा रहेको छ । प्रथमपुरूष दृष्टिविन्दु समाख्याता स्वयम् उपस्थित भई वा म/हामी पात्रका माध्यमबाट कथागत अभिवृत्तिलाई प्रस्तुत गर्दछ भने त्यस्तो दृष्टिविन्दु आन्तरिक प्रथमपुरूष दृष्टिविन्दुअन्तर्गतको केन्द्रीय दृष्टिविन्दुका रूपमा आएको हुन्छ । यस दृष्टिविन्दुको केन्द्रमा स्रष्टा स्वयम् उपस्थित रहेको हुन्छ अथवा आफूले चयन गरेको कथयिता पात्रलाई आफ्ना विचारको प्रस्तुतिका लागि निर्देशित गरिरहेको हुन्छ । विशेष गरी समाख्यानमूलक विचार, मानसिक परिवेश र सन्दर्भलाई चित्रण गर्ने क्रममा यस दृष्टिविन्दुको प्रयोग बढी मात्रामा हुन्छ । यस दृष्टिविन्दुमा समाख्याताप्रदत्त सम्बोधकले आफ्ना विचार वा अभिवृत्तिलाई म वा हामी पात्रकै केन्द्रीयतामा प्रस्तुत गर्दछ । यस लेखमा प्रथमपुरूष केन्द्रीय दृष्टिबिन्दुको प्रयोग गरी रचना भएको दृष्टिविन्दुका दृष्टिले अध्ययनीय यस कथामा दृष्टिविन्दुको विश्लेषणका लागि निम्नलिखित शोध्यप्रश्न निर्धारण भएका छन् ।

क. कथामा दृष्टिविन्दु पात्र र अन्यपात्रको सम्बन्ध के कस्तो छ ?
ख. कथामा प्रथमपुरूष दृष्टिविन्दुको प्रयोग कसरी भएको छ ?
ख. कथामा प्रथमपुरूष केन्द्रीय दृष्टिविन्दु प्रस्तुतिको प्रयोजन के हो ?

प्रस्तुत लेख "मैले नजन्माएको छोरो" कथामा दृष्टिविन्दुको विश्लेषण र अर्थापन गर्ने समस्याको समाधानमा केन्द्रित छ । साहित्यको विधासिद्धान्तअन्तर्गत आख्यानसिद्धान्त र त्यसका अन्तर्यमा दृष्टिविन्दुमा केन्द्रित रही हुननसकेको अध्ययनको रिक्तताका साथै तद्विषयक प्रायोगिक पक्षको प्राज्ञिक औचित्य पुष्टि गर्ने उद्देश्यमा केन्द्रित छ । कथामा दृष्टिविन्दु र त्यसमा पनि प्रथमपुरुष दृष्टिविन्दुको सैद्धान्तिक पक्षका आधारमा विश्लेषण गरिने यस लेखले "मैले नजन्माएको छोरो" कथाका माध्यमबाट भावी अध्येताका लागि मार्गनिर्देश प्राज्ञिक उद्देश्यको परिपूर्ति गरेको छ ।

शोधविधि

प्रस्तुत लेख गुणात्मक अनुसन्धानविधिमा भएको छ भने यसमा आएका समस्यासित सम्बन्धित सामग्रीहरूको सङ्कलन प्राथमिक र द्वितीयक स्रोतबाट भएको छ । प्राथमिक स्रोतको सामग्री पारिजातद्वारा लिखित *मैले नजन्माएको छोरो* कथा हो । द्वितीयक सामग्रीको रूपमा आधारभूत सैद्धान्तिक सामग्रीका लागि विभिन्न अनुसन्धानात्मक ग्रन्थ तथा लेखहरू रहेका छन् । प्रस्तुत अध्ययनमा समस्याको समाधानका लागि विधासिद्धान्तअन्तर्गत आख्यानमा दृष्टिविन्दुको उपादेयता र यसको महत्त्वलाई सैद्धान्तिक आधारको रूपमा प्रयोग भएको छ । स्थापित सैद्धान्तिक पर्याधारका आधारमा सङ्कलित सामग्रीको विश्लेषणका लागि कृतिकेन्द्री अध्ययन पद्धतिको उपयोग भएको छ । यस अध्ययनलाई निष्कर्षमा पुऱ्याउनका लागि वर्णनात्मक तथा विश्लेषणात्मक विधिको प्रयोग भएको छ ।

सैद्धान्तिक आधार

आख्यानमा कथ्यविषयलाई प्रस्तुत गर्ने माध्यमका रूपमा दृष्टिविन्दु कथारचनाको मुख्य संरचक घटक हो । आख्यानमा आख्यानकारले लेखकीय विचार वा दृष्टिकोण पाठक वा श्रोतालाई प्रत्यक्ष सम्बोधन नगरी कथ्यप्रस्तुतिका लागि निश्चित माध्यम चयन गरेको हुन्छ । आख्यानको आख्यानशास्त्रीय अङ्गका रूपमा दृष्टिविन्दुको भूमिका सम्बोधकका अवधारणालाई सम्बोधितसमक्ष पुऱ्याउनका लागि प्रयोग गर्ने माध्यम हो भने समाख्यानशास्त्रले यही विषयलाई समाख्याताका रूपमा रहने सिद्धान्त विकास गरेको छ । कथावाचकले कथाको बारेमा के कति जानेको छ भन्ने कुराको उत्तर नै दृष्टिविन्दु हो (रोजेनहाइम, सन् १९६७, पृ. ७०) । कथाकारले आफ्नो लेखकीय अभिवृत्ति अर्थात् विचारलाई पाठकसमक्ष पुऱ्याउनका लागि चयन गरेको मार्ग नै दृष्टिविन्दुका रूपमा मुखरित भएको हुन्छ । वास्तवमा आख्यानकारले आफ्नो चिन्तनलाई वस्तु यथार्थसित गाँसेर उच्च कला-प्रविधि दिन सक्षम हुन सक्तैन भने त्यहाँ दृष्टिकोणको प्रश्न गौण बन्न पुग्ने हुँदा आख्यानमा कथावाचकको स्थिति प्रमुख कुरा होइन प्रमुख कुरा त पात्र, कथावाचक र लेखकबीचको स्थिति हो (बुथ, सन् १९६१, पृ. १५१) । लेखकीय दृष्टिकोणलाई पाठकसमक्ष पुऱ्याउने माध्यम भएको र लेखकीय अभिवृत्तिलाई पाठकसँग जोड्ने विषयसँग सम्बन्धित भएकाले दृष्टिविन्दुलाई लेखक र पाठकका बीचको सम्बन्धसूत्र गाँस्ने मुख्यतत्त्व हो ।

दृष्टिविन्दु कथाको मूल तत्त्व हो । दृष्टिविन्दु भनेको कथाको कथन गर्ने दृष्टिको विन्दु वा कोण हो र यसलाई दृष्टिकोण वा कथनपद्धति पनि भन्न सकिन्छ (अवस्थी, २०५५, पृ. ८) । कथामा दृष्टिविन्दुको भूमिका कसरी र कुन रूपमा वाञ्छित रहेको हुन्छ भन्ने पक्षमा शब्द प्रयोगका दृष्टिले भिन्न रहे पनि यसको उद्देश्य र प्रयोजनका विषयमा विधासिद्धान्त स्पष्ट छ । कुनै आख्यान कसको कथा हो र त्यस कथालाई भन्ने समाख्याता को हो भन्ने कुरा नै दृष्टिविन्दु हो । यसबाट नै आख्यानको उपस्थापनापद्धति र कथनभूमि निर्दिष्ट हुन्छ (शर्मा, २०५५, पृ. ४१४) । दृष्टिविन्दुले स्रष्टाको सृजनालाई पाठकसँग जोड्ने आधार तत्त्वका रूपमा भूमिका खेलेको हुन्छ । कथा कसको हो ? कथाका वर्ण्य विषयमाथि कसले प्रकाश पारिरहेको छ ? कथालाई आख्यान सूत्रमा बाँध्नका लागि कथाकारले अवलम्बन गरेको पद्धति आदि दृष्टिविन्दुमा अन्तर्भूत रहेका हुन्छन् । दृष्टिविन्दु त्यो स्थिति स्थान वा सीमा हो जसको माध्ययमबाट कथाकारले आफ्नो धारणा वा अनुभूति पाठक वर्ग समक्ष

पुऱ्याउँछ । कथाकार र पाठक वर्गबीचको सन्दर्भ सूत्र नै दृष्टिविन्दु हो । यसैलाई माध्यम बनाएर कथाकारले आफ्नो सामाग्रीलाई कथाको आकारमा मूर्तिमान गर्दछ । कथामा त्यो कति महत्त्वपूर्ण छ भने यो विना कथामा प्रयुक्त कार्यपीठिका, चरित्रचित्रण, भावपरिमण्डल आदिमा सजीवता आउन सक्दैन(श्रेष्ठ, २०६८, पृ. ११) साहित्यको एक सशक्त विधा रहेको आख्यानको उपविधा कथाको संरचनामा दृष्टिविन्दुको अहम् भूमिका रहने गर्दछ ।

कथा विधाको सृजना तथा कथाकार र पाठकबीचको रिक्ततालाई भर्ने निर्विकल्प माध्यम अझ भनौं लेखक/पाठक सम्बन्ध स्थापित गर्ने कथाको प्रमुख माध्यम नै दृष्टिविन्दु हो । मूलभूत रूपमा लेखकीय विचार सम्प्रेषणको माध्यम भएकाले दृष्टिविन्दुलाई दृष्टिकोण वा दृष्टिकेन्द्र जस्ता शब्दले परिभाषित गर्ने प्रचलन रहे पनि नेपाली साहित्यका सन्दर्भमा दृष्टिविन्दु शब्द नै स्थापित छ । कथावाचकले कथा सुनाउनका लागि उभिन वा बस्नलाई रोजेको ठाउँ विशेषलाई दृष्टिकोण वा दृष्टिविन्दु भनिन्छ (नेपाल, सन् २००५, पृ. ९८) । दृष्टिविन्दुमा कथाकारले दिन खोजेको सन्देश वा आफ्नो वैचारिक अभिवृत्तिलाई कुन स्थानमा, कुन भूमिकामा कसरी उपस्थित भई कुन प्रक्रियाबाट प्रस्तुत गर्ने भन्ने पक्षको समष्टि उत्तर प्रतिबिम्बन हुने गर्दछ । कथाकारले आफ्नो सामग्रीलाई व्यक्त गर्दा मूलभुत माध्यमका रूपमा अवलम्बन गर्ने कल्पना शिल्पविधानसम्बद्ध महत्त्वपूर्ण विधिलाई दृष्टिकोण, दृष्टिकेन्द्र अथवा दृष्टिविन्दु भनिन्छ (शर्मा, २०६७, पृ. ६९) । दृष्टिविन्दु प्रस्तुतीकरणको एउटा माध्यम हो जसले कथाकारको विचारलाई सोद्देश्यमूलक रूपमा पाठकसमक्ष राख्दछ । कथाका तत्त्वहरूमध्ये सम्बोधकले कसरी आफ्ना विचारलाई सम्बोधितसम्म पुऱ्याउन चाहेको छ भन्ने विषयको प्रतिनिधित्व दृष्टिविन्दुले गरेको हुन्छ । दृष्टिविन्दु भनेको त्यो अवस्था वा हरेक कुराको दृष्य लिन सकिने त्यो विन्दु हो जहाँबाट कथाका घटनाहरू पाठक समक्ष पुऱ्याउनकालागि समाख्याताले निरीक्षण गर्ने गर्छ । दृष्टिविन्दुलाई अङ्ग्रेजीमा पर्सपेक्टिभ (perspective) तथा फोकलाईजेसन (focatization) पनि भनिन्छ(बराल, २०६९, पृ. ७२) । दुष्टिविन्दु कथाकारले कथा लेख्नुअघि कथालाई कसरी प्रस्तुत गर्ने भन्ने विषयमा निर्माण गर्ने अवधारणासँग सम्बन्धित रहेकाले यसमा प्रस्तुतकर्ताको भूमिका के हो ? र कोसँगसम्बद्ध छ भन्ने विषयका आधारमा यसको भेदउपभेदको विषयमा विमर्श भएको छ ।

मूलभूत रूपमा कथा रचनाका सन्दर्भमा कथ्यविषयको प्रस्तोताको भूमिकाका आधारमा दृष्टिविन्दुको निर्धारण हुने गर्दछ । आख्यानमा दृष्टिविन्दुको स्वरूप सम्पाकदीय, सर्वज्ञाता, तटस्थ सर्वज्ञाता, 'म' साक्षीको रूपमा, 'म' नायकको रूपमा, विविध चयनात्मक सर्वज्ञाता, चयनात्मक सर्वज्ञाता, नाटकीय र क्यामेरा विधि (शर्मा उद्धृत फ्रिडम्यान, १९७८, पृ ७०) । कथाकारले सृजन प्रक्रियाको पूर्वार्द्धमा निर्माण गर्ने धारणासम्बद्ध घटनाको निर्माण गरेपछि ती घटनालाई कुन परिवेश र कस्ता पात्रका अन्तर्साक्ष्यमा ती धारणाले समूर्तन प्राप्त गर्दछ । आख्यानमा दृष्टिविन्दुको भूमिका कथावाचक–प्रथम पुरूष–सहभागीका रूपमा प्रमुख चरित्र (केन्द्रीय) र गौण चरित्र कथावाचक (परिधीय) दुई तथा तृतीय पुरूष–स्वतन्त्र वक्ताको भूमिकामा सर्वज्ञाता, प्रमुख पात्रको कोणबाट सीमित र सामान्य पात्रको कोणबाट बाह्यजस्ता तीनप्रकारमा वर्गीकृत छ (केनेडी (१९८३, पृ. १९) । कथाकारको दृष्टिकोण र त्यसलाई गतिशीलता दिने पात्र तथा ती पात्रका क्रियाकलापका माध्यमबाट कसरी यसको निर्धारण हुनेगर्दछ । दृष्टिविन्दु मूलभूत रूपमा कथाकारले चयन गरेको माध्यमसँग सम्बन्धित माध्यम भएकाले आफ्ना विचारलाई आफ्नै उपस्थितिमा सोझौ भन्ने वा कसैका माध्यमबाट प्रस्तुत गर्ने भन्ने विषय स्रष्टामा निर्भर रहने विषय भएकाले कथाकारले स्वयम् उपस्थित भई वा कथयिताका रूपमा आफैंलाई प्रस्तुत

गरी विचार सम्प्रेषण गरेको छ भने त्यस्तो सम्बोधकको उपस्थिति आन्तरिक दृष्टिविन्दुका माध्यमबाट मुखरित भएको हुन्छ । दृष्टिविन्दु पात्र कथामा प्रथम पुरूषको रूपमा रहँदा आन्तरिक दृष्टिविन्दु (internal viewpoint) हुन्छ यसअन्तर्गत केन्द्रीय दृष्टिविन्दुमा स्वयम् कथाका वा अरू कुनै पात्र म का रूपमा मुख्य पात्र रही कथा प्रस्तुत हुन्छ । यस दृष्टिविन्दुमा कथित कथामा मुख्य पात्रको आन्तरिक स्थितिको चित्रण सूक्ष्मताका साथ प्रस्तुत हुन्छ ।

कथामा परिधीय दृष्टिविन्दुमा चाँहि म पात्र त रहन्छ तर कथामा त्यसको स्थान कि त गौण रहन्छ कि तटस्थ । त्यस्तो दृष्टिविन्दुबाट लेखिएको कथामा मुख्य कथाको केन्द्र अर्कै पात्र बनेको हुन्छ र म पात्रले त्यही पात्रलाई केवल प्रस्तुत गर्ने माध्यम भएर भूमिका खेल्दछ (श्रेष्ठ, २०६८, पृ. ११-१२) । आन्तरिक दृष्टिविन्दु मूलतः केन्द्रीय र परिधीयमा विभाजित छन् भने प्रस्तुतिको केन्द्रीय तहमा 'म' पात्र समाख्याताका रूपमा उपस्थित भई वा कुनै म पात्रका माध्यमबाट कथागत अभिवृत्तिलाई प्रस्तुत गर्दछ भने त्यो प्रथमपुरूष केन्द्रीय दृष्टिविन्दु हो । यस दृष्टिविन्दुको केन्द्रमा समाख्याता रही आख्यानमा समाख्यानमूलक विचार, मानसिक परिवेश र सन्दर्भलाई चित्रण गरिरहेको हुन्छ । प्रस्तुत मैले नजन्माएको छोरो कथाको कथ्यविषयलाई प्रस्तुत गर्ने समाख्याता अर्थात् म' पात्रको केन्द्रीय भूमिकाका आधारमा यो कृति दृष्टिविन्दुका कोणबाट अध्ययनीय सामग्री हो । प्रस्तुत कथामा दृष्टिविन्दुको विषय क्रमशः तलका उपशीर्षकमा बिस्तारपूर्वक विश्लेषण भएको छ ।

सामग्री विश्लेषण र नतिजा

आख्यनानशास्त्रका कथ्यकथन गर्ने कथा निर्मापक एकाइ दृष्टिविन्दु कथ्यविषयकृ माध्यमका रूपमा परिभाषित छ । पारिजातको मैले नजन्माएको छोरो कथामा दृष्टिविन्दुको निरूपण गरिने यस लेखमा उक्त कोणबाट सामग्रीको विश्लेषण क्रमशः तलका उपशीर्षकमा भएको छ ।

कथामा दृष्टिविन्दु पात्र र अन्यपात्रको सम्बन्ध

दृष्टिविन्दु लेखकीय अभिवृत्तिलाई कथ्यका माध्यमबाट पाठकसमक्ष सन्देश प्रवाह गर्ने स्रष्टाप्रदत्त माध्यम हो । कथा सिर्जनाका लागि चयन भएको निश्चित स्थान, समय र परिवेश तथा त्यसका अन्तर्यमा घटेका घटनाको संयोजन गर्ने माध्यमका साथै तिनलाई मूर्त आकार दिने सन्दर्भमा एकाधिक पात्रको उपस्थिति हुन्छ भने ती पात्रबीचको पारस्परिक अन्तर्सम्बन्धबाट कथ्यको निर्माण हुने भएकाले तिनको भूमिका र सम्बन्धका आधारमा दृष्टिविन्दुले सार्थक रूप प्राप्त गर्दछ । मथामा चित्रित पात्र र तिनको पारस्परिक अन्तर्सम्बन्धबाट कथाको समाख्याता वा समाख्याताप्रदत्त पात्रका रूपमा दृष्टिविन्दु पात्रले कथ्यलाई निश्चित फलागम अर्थात् कथासूत्रको विकास गर्ने भएकाले कथाका पत्रबीचको पारस्परिक सम्बन्धका साथै कथ्यविषय, त्यसमा प्रस्तुत घटना, कथ्यसन्देश, परिवेश र सारतत्त्वसमेत एकआपसमा जोडिई कथाको संरचना हुने भएकाले दृष्टिविन्दुको आधारभूत पक्ष भन्नु नै कथयिता अर्थात् दृष्टिविन्दु पात्र र अन्य पात्रबीचको सम्बन्धबाट निर्माण हुने विषय हो । प्रस्तुत "मैले नजन्माएको छोरो" कथामा दृष्टिविन्दु पात्र अन्य पात्रको सम्बन्ध कथ्यविषयको प्रस्तुतकर्ता अर्थात् दृष्टिविन्दु 'म' पात्र र अन्य पात्रको पारस्परिक अन्तर्सम्बन्ध, तिनीहरू बीच घटित घटना, त्यसले सिर्जना गरेको उतारचढाव र सम्बन्ध स्वीकार र सम्बन्धविच्छेद अर्थात् अस्वीकारसम्मको कथ्यविषयको आधार बनेको छ । कथाको दृष्टिविन्दुको केन्द्रमा रहेको 'म' कथासंसारमा घटेका सबै घटना, पात्र, परिवेश, त्यसबाट

उत्पन्न द्वन्द्वात्मकताजस्ता विषयको नेतृत्व लिने पात्र हो । कथाको 'म' पात्रकै नेतृत्वमा कथ्यविषयमा उसको नजन्माएको छोरो अर्थात् कुनै बालकप्रतिको सम्मोहन तथा उक्त बालककी आमाको रूपमा पकिल्पना गरेको तथा सम्बन्धका आधारमा आमाछोराको सम्बन्धलाई कथाका निम्नलिखित उद्धरणले पुष्टि गर्दछन् -

